# गैर सरकारी संस्था छनौट तथा परिचालन दिग्दर्शन

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

झोलुङ्गे पुल सब-सेक्टर कार्यक्रम

२०६४

## संकेत सूची

| | | |
|---|---|---|
| उ.स. | : | उपभोक्ता समिति |
| गा.वि.स | : | गाउँ विकास समिति |
| गै.स.स. | : | गैर सरकारी संस्था |
| ग्रा.प.सु. तथा वि परियोजना | : | ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| झो.पु | : | झोलुङ्गे पुल |
| झो.पु. रणनीति | : | झोलुङ्गे पुल रणनीति, २०६२ |
| झो.पु. शाखा | : | झोलुङ्गे पुल शाखा/डोलिडार |
| ल.ई | : | लगत इस्टिमेट |
| वि.ग्रा.पू. तथा जी. कार्यक्रम | : | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम |
| स्था.पू.वि. तथा कृ.स विभाग | : | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) |

# गैर सरकारी संस्था छनौट तथा परिचालन

# दिग्दर्शन

## १. पृष्ठभूमि

नेपालको सबै जिल्लाहरूमा सडक पुग्न सकेको छैन । सडक पुगेका जिल्लाहरूमा पनि जिल्लाको सदरमुकाम तथा केही महत्वपूर्ण ठाउँहरू सम्म मात्र सडक सुविधा पुग्न सकेको छ । अधिकांश भू-भाग र बस्तीहरू अझै पनि सडक यातायातको सुविधाबाट बंचित रहेका छन् । प्राकृतिक बनौटले गर्दा अधिकांश पहाडी भू-भाग रहेको यस देशमा सडक निर्माणको कार्य अत्यन्त चुनौतीपूर्ण हुनुका साथै अत्याधिक खर्चिलो पनि छ । अर्को तर्फ ६,००० को अनुमानित संख्यामा रहेका नदीनालाको संजालले पनि नेपालमा यातायातको क्षेत्रमा विद्यमान जटिलतालाई दर्शाउँदछ ।

यस्तो परिस्थितिमा पहाडी तथा ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका अधिकांश गरीब एवं बिपन्न समुदायको लागि यातायातको एक मात्र भरपर्दो साधन पैदल मार्ग नै हो । पहाडका पैदल मार्गहरूमा पनि खोला, नदी आदिको संख्या धेरै भएको तर ती खोला एवं नदीहरूमा पुल नभएकोले अधिकांश बस्ती एवं समुदायसंग वर्षमा सालाखाला ३-४ महिना सम्म सम्पर्क विहिन हुने अवस्था रहेको छ । नेपाल सरकारले पहाडी भू-भागमा बस्ने गरीब समुदायको जीवनस्तरमा सुधार ल्याउनको लागि समुचित यातायातको सुविधा उपलब्ध गराउनु पर्ने आवश्यकता महसुस गरी झोलुङ्गे पुल कार्यक्रम संचालन गरेको छ । सरकारले झोलुङ्गे पुल कार्यक्रमलाई आवधिक योजनाहरुमा "पहिलो प्राथमिकता" कार्यक्रमको रूपमा राखेको छ ।

हाल झो.पु. कार्यक्रम अधिराज्यका ६० जिल्लाहरूमा संचालित छ । झो.पु.संग सम्बद्ध विभिन्न संस्थाहरूले अपनाउने प्रविधि, स्टैन्डर्ड, नर्म्स तथा स्पेसिफिकेशनमा एकरूपता ल्याउन एवं समान कार्यान्वय प्रक्रिया अवलम्बन गराउन आवश्यक देखिएकोले झोलुङ्गे पुल रणनीति, २०६२ कार्यान्वयन गरिएको छ । झो.पु. रणनीति, २०६२ मा स्थानीय जनतालाई नदी, खोला तथा खोल्सा तर्न एक घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी झो.पु. निर्माण गरिने नीति लिइएको छ । उपलब्ध तथ्याक अनुसार आ.व २०६०/६१ सम्ममा नेपालमा ३,५०० जति झो.पु.को निर्माण भएको पाइन्छ र अझै पनि धेरै झो.पु.को निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

विभिन्न मित्र राष्ट्रहरू तथा अन्तराष्ट्रिय संघ एवं संस्थाहरूले नेपालमा झोलुङ्गे पुलको निर्माण एवं मर्मतको लागि उल्लेखनीय सहयोग उपलब्ध गराएका छन् तथा यस प्रकारको सहयोग हालपनि उपलब्ध भईनै रहेको छ । झो.पु. कार्यक्रमको लीग भविष्यमा पनि निरन्तर रूपले सहयोग प्राप्त भई रहने अपेक्षा गरिएको छ ।

## २. गैर सरकारी संस्थाको आवश्यकता

स-साना स्थानीय पूर्वाधार विकासका कामहरू उपभोक्ता समिति मार्फत गराउने प्रावधानहरू सम्बन्धित ऐन नियमहरूमा गरिएको छ । झो.पु. निर्माणको प्रविधि सजिलो भएको हुनाले सामान्य प्राविधिक सहयोग उपलब्ध गराउन सकिएमा उपभोक्ताहरू स्वयंले नै यसको निर्माण गर्न सक्दछन् ।

स्थानीय पूर्वाधार विकास नीति, २०६१ को ६.५.४ मा गैर सरकारी संस्था, सामुदायिक संघ संस्था एवं उपभोक्ताहरूको समूह तथा निजी क्षेत्रलाई स्थानीय पूर्वाधार विकासमा साझेदार निकायको रूपमा संलग्न गराउनु पर्नेछ भन्ने उल्लेख गरिएको छ ।

झो.पु. रणनीति, २०६२ मा छोटो तरिको झो.पु.हरू तथा फलामे ट्रस पुलहरूको निर्माण तथा मर्मत कार्य स्थानीय निकायहरूले उपभोक्ता समिति मार्फत गराउन सक्नेछन् तथा प्राविधिक सहयोग एवं सामाजिक संगठनात्मक सहयोगको लागि गैर सरकारी संस्थाहरूलाई सहभागी गराउन सकिने प्रावधान रहेको छ ।

यस पृष्ठभूमिमा झो.पु. कार्यक्रममा गैर सरकारी संस्थाको आवश्यकता निम्न बमोजिम रहेको स्पष्ट छः

- सामुदायिक झोलुङ्गे पुल निर्माण एवं मर्मत कार्यमा उ.स.लाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्न, तथा
- उ.स.लाई आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा सम्पन्न गर्न सहयोगीको भूमिका निर्वाह गर्न ।

## ३. उद्देश्य

झोलुङ्गे पुल रणनीति, २०६२ ले ग्रा.पू.वि. तथा कृ.स. विभागलाई मार्गदर्शन/दिग्दर्शन तयार गर्ने जिम्मेवारी दिए अनुरूप यो दिग्दर्शन तयार पारिएको छ र यसले झो.पु.रणनीतिको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने अपेक्षा गरिएको छ ।

यो दिग्दर्शनको मुख्य उद्देश्य जि.वि.स.लाई सामुदायिक झो.पु. निर्माण एवं बृहत मर्मत कार्यको लागि गै.स.स.को छनौट प्रक्रिया, गै.स.सं.ले गर्नुपर्ने कार्यहरू, गै.स.सं.संग गरिने सम्झौता, सेवा शुल्क भुक्तानी आदि विषयवस्तुलाई प्रष्ट गरी स्थानीय निकायलाई झो.पु. कार्यक्रम संचालन गर्न गराउनको लागि आवश्यक मार्गदर्शन प्रदान गर्नु यस दिग्दर्शनको उद्देश्य रहेको छ ।

## ४. छनौट

गै.स.सं.को छनौट सम्बन्धित स्थानीय निकाय (जि.वि.स.) गर्नेछ । गै.स.स.ले समुदायलाई झो.पु. निर्माण तथा मर्मत कार्यको लागि जि.वि.स.को तर्फबाट प्राविधिक एवं सामाजिक सगठनात्मक सहयोग प्रदान गर्नेछ । यसका लागि आवश्यक तालिम प्राप्त क्षमतावान् प्राविधिक तथा सामाजिक परिचालकको व्यवस्था गै.स.स.ले गर्नेछ । गै.स.स.ले जि.वि.स.को सहयोगी संस्थाको रूपमा कार्य गर्नेछ । गै.स.स.को छनौट प्रक्रिया एवं कार्य झो.पु. रणनीति, २०६२ को अनुसूची-ग मा दिइएको छ र यस दिग्दर्शनको अनुसूची-१ मा उद्धृत गरिएको छ ।

स्थानीय निकायले सार्वजनिक सूचना जारी गरी गैर सरकारी संस्था/सामुदायिक संस्थाहरूबाट काम गर्ने इच्छाको प्रस्ताव (Letter of Interest) आव्हान गर्नेछन्। यस सम्बन्धी सूचनाको नमूना अनुसूची-२ मा दिइएको छ। यस्ता सूचना स्थानीय पत्र-पत्रिकामा प्रकाशित गर्नु पर्दछ तथा सार्वजनिक कार्यालय एवं ठाउँहरुमा टाँस्नु पर्नेछ।

प्रस्ताव फारामको नमूना अनुसूची-३ मा दिइएको छ। स्थानीय निकायहरुले गै.स.सं.को छनौटको लागि एक छनौट समितिको गठन गर्नेछन्। छनौट समितिमा न्यूनतम तीनजना सदस्य रहनेछन्। यो समितिमा आवश्यकता अनुसार दातृसंस्थाको प्रतिनिधित्व पनि हुनसक्नेछ। छनौट समितिले गै.स.सं.हरूबाट प्राप्त प्रस्तावहरूको मूल्यांकन गर्नेछ। प्रस्तावहरुको मूल्यांकनका आधारहरू अनुसूची-४ मा दिइएको छ। दातृ संस्थाको सहयोगमा कार्यक्रम संचालित भएका जिल्लाहरूमा सम्बन्धित दातृ संस्थाको एक जना प्रतिनिधिलाई छनौट समितिमा राख्न सकिनेछ। छनौट समितिले गरेको सिफारिसको आधारमा जि.वि.स.ले गै.स.सं.को छनौट सम्बन्धी निर्णय गर्नुका साथै कार्यप्रत्यायोजन सम्झौता गर्नेछ।

## ५. गै.स.सं.को कार्य

गै.स.सं.को कार्यहरूको उल्लेख झो.पु. रणनीति, २०६२ को अनुसूची-ग मा गरिएको छ। यहाँ विस्तृत रूपमा व्याख्या गरिएको छ।

### ५.१ नियमित कार्यहरु

#### ५.१.१ वार्षिक योजना तर्जुमा

गै.स.सं.ले समुदायहरूलाई झो.पु. कार्यक्रम तथा यसका प्रक्रियाहरूबारे अवगत गराउनेछ तथा समुदायहरूको झो.पु.को माग जि.वि.स.मा पठाउनको लागि समुदायलाई झो.पु. सहयोगको लागि निवेदन फाराम भर्न सहयोग गर्नेछ। झो.पु. सहयोगको लागि समुदायबाट प्राप्त निवेदनहरूको सूची तयार गर्न तथा निर्धारित मापदण्डको आधारमा प्राथमिकीकरण गर्नको लागि जि.वि.स.लाई सहयोग गर्नेछ। गै.स.सं.ले जि.वि.स.लाई झो.पु. सहयोगको लागि पुलहरूको विस्तृत सूची तयार गर्न पनि सहयोग गर्नेछ। प्रस्तावित निर्माणस्थलको निरीक्षण गरी प्रारम्भिक सम्भाव्यता अध्ययनको कार्य पनि गै.स.सं.ले गर्नेछ। झो.पु. निर्माण तथा मर्मत कार्यको लागि समुदायको प्रतिबद्धता बुझ्न पनि गै.स.सं.ले सहयोग गर्नेछ।

#### ५.१.२ विस्तृत सर्वेक्षण

गै.स.सं.ले निर्माणस्थलको विस्तृत सर्वेक्षण गर्नेछ तथा समुदायको प्रतिबद्धता पुनः सुनिश्चित गर्नेछ। यस क्रममा गै.स.सं.ले समुदायलाई स्थानीय सामग्रीको अनुमानित परिमाण बारे सुझाव गर्ने तथा समुदायले सो उपलब्ध गराउन सक्ने नसक्ने बारे जानकारी जि.वि.स.लाई गराउनेछ। समावेशी उपभोक्ता समितिको गठनमा समेत गै.स.सं.ले सहयोग गर्नेछ। विस्तृत सर्वेक्षण गर्दा झो.पु. सम्बन्धी प्राविधिक तथा सामाजिक दिग्दर्शन, नर्म्स, स्टाण्डर्डको पूर्ण पालना गरि गर्नुपर्नेछ।

विस्तृत प्रक्रियाहरूको लागि सार्वजनिक सुनुवाइ, सार्वजनिक समीक्षा र सार्वजनिक लेखापरीक्षण दिग्दर्शन २०६४ हेर्नुहोला ।

### ५.२ थप कार्यहरू

नियमित कार्यहरू गै.स.सं.हरूले जि.वि.स.सँगको कार्यप्रत्यायोजन सम्झौताको अधिनमा रही गर्नुपर्ने हुन्छ भने झो.पु.कार्यक्रमलाई टेवा पुग्ने देहायका थप कार्यहरू (आवश्यकता अनुसारका) गराउने वा नगराउने निर्णय जि.वि.स. वा जि.वि.स.सँगको सहमतिमा दातृ संस्थाहरूले गर्नेछन् । यी कार्यहरूको लागि सहयोग सम्झौता गै.स.सं तथा कार्य गराउने संस्थाको बीचमा हुन्छ र सो वापत लाग्ने शुल्क पनि यस्ता कार्यहरू गराउने संस्थालेनै व्यहोर्नु पर्दछ । यस अन्तर्गत सामान्यत: देहायका कार्यहरू पर्दछन् ।

#### ५.२.१ झोलुङ्गे पुलको विस्तृत सूची

यसको उद्देश्य जि.वि.स.लाई जिल्ला भरिमा आवश्यक झोलुङ्गे पुलको मागको सूची तयार गरि जिल्लाको लागि District Transport Master Plan/दीर्घकालिन तथा आवधिक योजना तर्जुमा गर्न मद्दत गर्नु रहेको छ ।

यसको प्रक्रिया निम्नानुसार हुनेछ:-

क) दातृ संस्थाले यस कार्यको थालनी गर्नु अगाडि जि.वि.स.संग सहमति कायम गर्नेछ ।

ख) जि.वि.स.को बैठकबाट झो.पु.को दीर्घकालिन/आवधिक योजना तर्जुमा गर्नको लागि दातृ संस्थाको सहयोगमा सम्बन्धित गै.स.स.ले जिल्लाको सम्पूर्ण क्षेत्रको अध्ययन गरी झो. पु. को माग संकलन गर्ने बारेको प्रस्ताव पारित गर्नु पर्नेछ ।

ग) आवश्यकता अनुसार दातृ संस्था र गै.स.स.को बीचमा सम्झौता सम्पन्न भई कार्य आदेश जारी हुनेछ ।

घ) गै.स.सं.ले झो.पु.को माग संकलन गर्दा सकेसम्म जि.वि.स.को प्राविधिकलाई समेत संलग्न गराउनुपर्नेछ ।

ङ) गै.स.सं.सँग सम्झौता भई सकेपछि, सम्बन्धित जिल्लाको जिल्ला यातायात पूर्वाधार नक्सा (District Transport Infrastructure Map) मा निर्माण भई सकेका सबै पुलहरू देखाइएको वा अंकित छ छैन सुनिश्चित गर्नेछ ।

च) नक्सामा पुलहरू देखाउन बाँकी रहेका पुलहरूलाई नक्सामा अंकित गर्नेछ ।

छ) जि.वि.स.मा पुलको माग प्राप्त भएको तर हालसम्म पुल निर्माण नभएको र/वा योजनामा समेत समावेश नगरिएका पुलहरूको सूची तयार गर्नेछ ।

ज) माथि (छ) मा उल्लेख भएका पुल मागको सूचीमा रहेका पुलहरूको प्राथमिकता निर्धारण गर्ने सबै जानकारी/विवरण जि वि स मा उपलब्ध छ छैन सुनिश्चित गर्नेछ ।

झ) प्राथमिकता निर्धारणको लागि आवश्यक जानकारी नभए सम्बन्धित समुदायमा गई "समुदायको निवेदन फाराम" मा उल्लेखित सम्पूर्ण जानकारी एवं विवरण संकलन गर्नेछ ।

ञ) जिल्ला यातायात पूर्वाधार नक्साको आधारमा पुलको सम्भाव्य मागको सूची तयार गर्नेछ ।

ट) सम्भाव्य माग सूची तयार भई सकेपछि सम्बन्धित गा.वि.स.संग छलफल गरी पुलको माग सुनिश्चित गर्नेछ ।

ठ) सम्भाव्य माग रहेको समुदायमा गई आवश्यक जानकारी संकलन गर्नेछ ।

ड) जिल्लाका सम्पूर्ण क्षेत्रबाट माग आएको नआएको सुनिश्चित गर्नेछ ।

ढ) सम्भाव्य मागको सूची तयार गर्दा विपन्न र गरीब समुदाय भएको क्षेत्रमा विशेष ध्यान दिनु पर्नेछ ।

ण) प्राथमिकता निर्धारण गर्नको लागि स्वीकृत मानको आधारमा भार (Weightage) गणना गर्ने ।

त) भार गणनाको क्रमानुसार पुल मागको सूची तयार गरी जि.वि.स.मा पेश गर्ने तथा सोको जानकारी सम्बन्धित दातृ संस्थालाई पनि दिनुपर्नेछ ।

थ) जि.वि.स.ले संकलित मागहरूको आधारमा District Transport Master Plan/ दीर्घकालिन तथा आवधिक योजना (Periodic Plan) तयार गर्नेछ तथा जिल्ला परिषद्बाट पारित गराउनेछ ।

द) संकलन गरिएको झो.पु.का मागहरूलाई जिल्लाको यातायात गुरूयोजना (District Transport Mater Plan) को सम्बन्धित तह (Layer) मा अंकित गराउनेछ ।

ध) वार्षिक योजनामा परेका पुलहरूको लागि मात्र समुदायलाई निवेदन फाराम भर्न लगाउने र निर्धारित प्रक्रिया अनुसार कार्य अगाडि बढाउनेछ ।

न) यो कार्य साधरणतयाः तीन देखि पाँच वर्षको अन्तरालमा मात्र गर्न उपयुक्त देखिन्छ ।

### ५.२.२ पुलको प्रभाव/मूल्यांकन सम्बन्धी तथ्यांक संकलन

दातृ संस्थाको सहयोगमा निर्मित झो.पु.हरूको प्रभावकारिताको अध्ययन गर्नको लागि आवश्यक तथ्यांक एवं जानकारी संकलन गर्ने जिम्मेवारी गै.स.स.को हुनेछ । दातृ संस्थाले छनौट गरेको झो.पु.हरूको गै.स.सं.बाट स्थलगत निरीक्षण गरी समुदाय तथा घरधुरी तहका तथ्यांक एवं जानकारी प्रत्यक्षरूपले संकलन गरी दातृ संस्थालाई उपलब्ध गराउनेछ ।

यसको प्रक्रिया निम्नानुसार हुनेछ ।

क) कुन-कुन आर्थिक वर्षमा निर्माण गरिएका पुलहरू तथ्यांक संकलनको लागि छनौट गर्ने हो सो निर्णय दातृ संस्थाले गर्नेछ ।

ख) सामुदायिक स्तर तथा घरधुरी स्तरको तथ्यांकहरू संकलन गर्नका लागि आर्थिक वर्षहरु फरक-फरक हुनेछन् ।

ग) सामुदायिक स्तरको तथ्याकहरू सकलन गर्नको लागि अध्ययन गर्न लागेको आ.व. भन्दा तीन वर्ष अगाडि निर्माण सम्पन्न भएका पुलहरू मध्येबाट मात्र छनौट गर्नुपर्नेछ ।

घ) घरधुरी स्तरको तथ्याकहरू सकलनका लागि पुलको छनौट विगत तीन आर्थिक वर्ष भित्र सम्पन्न भएका पुलहरु मध्येबाट गर्नु पर्नेछ ।

ङ) प्रभाव/मूल्यांकन सम्बन्धी तथ्याकहरू सकलनको लागि सामान्यतः सम्बन्धित आर्थिक वर्षहरूमा निर्माण भएको पुल सख्याको ३० प्रतिशत पुलको छनौट गरिनेछ ।

### ५.१.३ डिजाइन तथा लागत अनुमान

विस्तृत सर्वेक्षण पछि गै.स.सं.ले भो.पु. निर्माण/मर्मत कार्यको डिजाइन, नक्सा तथा लागत अनुमान तयार गर्नेछ र जि.वि.स.ले सोको जाँच गरी आवश्यक भएमा सम्बन्धित सहयोगी/दातृ संस्थामा सहमतिको लागि पठाउने छ । सहयोगी/दातृ संस्थाको सहमति प्राप्त भएपछि जि.वि.स./जि.प्रा.का.मा स्वीकृतिको लागि पेश गर्नेछ । लागत अनुमान तयार गर्नको लागि जिल्लाका दररेटहरू तथा फलामे सामान, लठ्ठा जस्ता सामग्रीहरूको नर्म्स वा लागि सम्बन्धित संस्थाले उपलब्ध गराएका दररेटलाई आधारको रूपमा लिइनेछ ।

### ५.१.४ जि.वि.स. तथा उ.स. बीच सम्झौता

गै.स.सं.ले जि.वि.स. तथा उ.स. बीच झो.पु. निर्माण/मर्मतको लागि हुने सामुदायिक सम्झौता गराउन आवश्यक प्रबन्ध मिलाउनेछ ।

### ५.१.५ पुलको ले-आउट

गै.स.सं.ले स्थानीय पुलकर्मीहरूलाई झो.पु.को जीप (Foundation) को ले-आउट दिनेछ ।

### ५.१.६ तालिम तथा स्थानीय सामग्रीको संकलन

जि.वि.स. तथा उ.स.को बीचमा सहयोग सम्झौता सम्पन्न भई सकेपछि स्थानीय पुलकर्मीहरूलाई नमूना झो.पु. तालिम दिनु पर्ने भएमा सम्बन्धित पक्षहरूसंग समन्वय गरी सोको प्रबन्ध मिलाउने तथा तालिम दिने कार्य गै.स.सं.ले गर्नेछ । उ.स.लाई स्थानीय सामग्रीहरू संकलनको लागि अभिप्रेरित गर्ने कार्य पनि गै.स.सं.को हुनेछ । झो.पु.को प्रथम चरणको कार्यको लागि आवश्यक औजारहरू सम्बन्धित निकायबाट उपलब्ध गराई दिने कार्य पनि गै.स.स.ले गर्नेछ । उ.स.ले प्रथम चरणको कार्य सम्पन्न गरी सकेपछि सोको जानकारी सम्बन्धित सबै पक्षलाई गराउने काम पनि गै.स.सं.ले नै गर्नेछ ।

### ५.१.७ निर्माण सामग्री

प्रथम चरणको कार्य सम्पन्न भई सकेपछि झो.पु. निर्माण/मर्मतको कार्य थालनी गर्न आवश्यक पर्ने निर्माण सामग्रीहरू (सिमेन्ट, फलामे सामानहरू, औजार, ला आदि) जि.वि.स./सहयोगी/दातृ संस्थाबाट उ.स.लाई उपलब्ध गराउनको लागि आवश्यक प्रबन्ध गै.स.सं.ले मिलाउनेछ । निर्माण सामग्रीहरू रोडहेडमा जाँच गरी बुझी लिन तथा रोडहेडबाट निर्माणस्थलसम्म ढुवानीको प्रबन्ध मिलाउन गै.स.सं.ले उ.स.लाई आवश्यक सहयोग गर्नेछ ।

### ५.१.८ स्टोर तथा अभिलेख

गै.स.सं.ले उ.स.लाई प्राप्त निर्माण सामग्रीहरू समुचित ढंगले भण्डारण गर्न तथा प्राप्त सामग्री एवं सोको खर्च सम्बन्धी अभिलेख योजना खातामा अद्यावधिक राख्न समेत सहयोग गर्नेछ ।

### ५.१.९ आयोजना सूचनापाटी तथा योजना खाता

पुल निर्माण स्थलमा आयोजनाको जानकारी सक्षेपमा समेटिएको सूचना पाटी राखि कार्यक्रम अवधिभर

पारदर्शिता कायम राख्न सहयोग/सुनिश्चित गर्ने काम गै.स.सं.को हो। सूचना पाटीको ढाँचा सार्वजनिक सुनुवाइ, सार्वजनिक समीक्षा र सार्वजनिक लेखापरीक्षण दिग्दर्शन २०६४ को अनुसूची ४ मा दिइएको छ। गै.स.सं.ले उ.स.लाई उ.स.को बैठक गर्न, निर्णयहरूको अभिलेख राख्न, कामदारको हाजिर राख्न, प्राप्त सामग्रीहरू एवं अनुदान रकमहरूको आम्दानीरखर्चको लेखा राख्न, तथा पुलको लागत तयार गर्न तथा अन्य आवश्यक सहयोग पनि गर्नेछ। यसको लागि प्रत्येक झो.पु. आयोजनामा रहेको योजना खातालाई आवश्यकता अनुसार अद्यावधिक गर्न उ.स.लाई सघाउने जिम्मेवारी गै.स.स.को हुनेछ।

### ५.१.१० प्राविधिक सहयोग

झो.पु. निर्माण/मर्मतको क्रममा पुलकर्मीहरूको कामको रेखदेख, ढलानको काम, लठ्ठा तान्ने, स्टिल डेक जडानको काम, टावर जडान तथा अन्य महत्वपूर्ण कार्यको लागि आवश्यक पर्ने प्राविधिक सहयोग गै.स.सं.ले उ.स.लाई समयमा उपलब्ध गराउनुपर्नेछ।

### ५.१.११ प्रगति प्रतिवेदन

गै.स.सं.ले पुल निर्माण/मर्मत कार्य सम्बन्धी प्रगति प्रतिवेदनहरु (प्रत्येक पुलको मासिक प्रगति प्रतिवेदन, जिल्लागत चौमासिक तथा वार्षिक प्रतिवेदनहरु) नियमित रूपमा तयार गरि सम्झौतामा उल्लेखित/निर्धारित समयमा सम्बन्धित सबै पक्षलाई उपलब्ध गराउनेछ। प्रतिवेदनका ढांचा झोलुङ्गे पुल कार्यक्रम संचालन दिग्दर्शन २०६३ मा दिइएको छ।

### ५.१.१२ अन्तिम निरीक्षण/जाँचपास (Final Assessment)

झो.पु.आयोजनाको निर्माण कार्य सम्पन्न भएको सुनिश्चितता गर्दै सोको जानकारी सम्बन्धित संस्थाहरूलाई गराउन उपभोक्ता समितिलाई सघाउने काम गै.स.सं.को हुनेछ। सो सम्बन्धी जानकारी लिखितरूपमा गराएको एक महिना भित्र जि.वि.स. तथा दातृसंस्थालाई सार्वजनिक लेखापरीक्षण, निर्माण/मर्मत कार्यको अन्तिम मूल्याङ्कन/निरीक्षण/जाँच पास गर्ने गराउन अनुरोध गर्ने तथा कार्य सम्पन्न प्रमाणपत्र जारी गर्न गराउन आवश्यक सहयोग गर्ने काम गै.स.सं.को हुनेछ।

### ५.१.१३ पुल मर्मत संभार समितिको गठन

पुल निर्माण कार्य सम्पन्न भई सकेपछि नियमित मर्मत तथा आवश्यक हेरविचार गर्न पुल मर्मत संभार समितिको गठन गरिनेछ। पुल मर्मत सभार समितिको गठन पछि सो समिति र जि.वि.स तथा गा.वि.स बीच गै.स.सं.को रोहवरमा नियमित मर्मत संभार सम्बन्धी सम्झौता गरिनेछ। पुल मर्मतको लागि आवश्यक औजारहरू पुल मर्मत संभार समितिलाई हस्तान्तरण गरिनेछ। यी कार्यहरूमा गै.स.स.ले आवश्यक सहयोग उपलब्ध गराउनेछ।

### ५.१.१४ सार्वजनिक सुनवाइ, सार्वजनिक समीक्षा, सार्वजनिक लेखापरीक्षण

गै.स.सं.ले सार्वजनिक सुनवाइ, सार्वजनिक समीक्षा, सार्वजनिक लेखापरीक्षण गर्न गराउन मुख्य भूमिका निर्वाह गर्नुपर्दछ। सार्वजनिक सुनुवाइ आयोजना गर्ने तथा सार्वजनिक समीक्षा तथा सार्वजनिक लेखापरिक्षण गर्दा उपभोक्ता समितिलाई सघाउने दायित्व पनि गै.स.स.को हुनेछ। यस सम्बन्धी

गराउन गै.स.स.ले के कस्तो पहल गऱ्यो र प्रभावकारी ढंगले नियमित मर्मत गराउन के गर्नु पर्ने हो आदि खुलाउनु पर्नेछ ।

**५.२.६ नियमित मर्मत (Routine Maintenance)**

झो.पु.हरूको आयु (Design Life) प्रायः ५० वर्ष सम्म हुन्छ । झो.पु.को सेवा ५० वर्ष सम्म प्राप्त गर्नको लागि त्यसको नियमित मर्मत सम्भार गर्नु अत्यावश्यक हुन्छ । समय-समयमा बृहत मर्मत गर्नु पर्ने अवस्था समेत आउन सक्छ । नियमित मर्मत र बृहत्मर्मत भित्र के-के कार्यहरू पर्दछन् सोको लागि "झोलुङ्गे पुलहरूको नियमित मर्मत कार्य सम्बन्धी पुस्तिका" हेर्न आवश्यक हुन्छ । उक्त पुस्तिकामा नियमित मर्मत कार्य कसरी गर्न सकिन्छ विस्तारमा उल्लेख गरिएको छ । हाल सम्मको अनुभवबाट नियमित मर्मत सन्तोषप्रद ढंगले नभई रहेको बुझिन्छ । तर नियमित मर्मत एक महत्वपूर्ण कार्य भएकोले यस प्रति संवेदनशील भई सो कार्य गर्न गराउन अत्यावश्क छ ।

यसको प्रक्रिया निम्नानुसार हुनेछ ।

क) नियमित मर्मत कार्य गर्न किन आवश्यक छ भन्ने विषयमा सर्वप्रथम समुदायको स्तरमा उपभोक्ता समिति/पुल मर्मत समिति/पुल निरीक्षकलाई संवेदनशील गराई चेतना अभिबृद्धि गराउनेछ ।

ख) नियमित मर्मत पुस्तिका अनुसार पुल मर्मतसंभार समिति/उपभोक्ता समिति/पुल निरीक्षकले के-काम गर्नु पर्दछ र कसरी गर्ने भन्ने सम्बन्धमा पुलमानै काम गर्न लगाएर देखाइने छ ।

ग) नियमित मर्मत गर्नको लागि चाहिने औजारहरू के-के हुन तथा सो औजारहरू छ छैन सुचिश्चित गर्नेछ ।

घ) सहयोगी संस्थाहरूबाट हस्तान्तरण गरिएका मर्मत औजारहरू कहाँ राखिएका छन् सोको खोज गर्न लगाई अभिलेख दुरूस्त राख्न लगाउनु पर्नेछ ।

ङ) नियमित मर्मत कार्य सम्पादन गर्न अन्य के-के सामानहरूको आवश्यकता हुन सक्दछ सो बारे समुदायलाई जानकारी गराइनेछ ।

च) नियमित मर्मत कार्य गर्नको लागि नपुग आवश्यक सामानहरू खरीद गर्न गा.वि.स.बाट रकम उपलब्ध गर्न गराउन आवश्यक व्यवस्था मिलाई सुनिश्चित गर्नेछ ।

छ) नियमित मर्मत कार्य गर्न गराउन सो सम्बन्धी पुस्तिका उपभोक्ता समिति/पुल मर्मत समिति/पुल निरीक्षकलाई उपलब्ध गराई दिनु पर्नेछ ।

ज) नियमित मर्मत कार्य कहिले गरियो के-के काम गरियो, कति खर्च लाग्यो र श्रोत कहाँबाट जुटाइयो आदि विवरण खुलाई सम्बन्धित उपभोक्ता समिति/पुल मर्मत समिति/पुल निरीक्षकबाट प्रत्येक तीन-तीन महिनामा पत्र प्रतिवेदन संकलन गर्नुपर्नेछ ।

झ) नियमित मर्मत कार्य नभएका पुलहरूमा गै.स.स.ले समुदायमा गई पुनः उपभोक्ता समिति/पुल मर्मतसंभार समिति पुल निरीक्षकलाई नियमित मर्मत सम्बन्धी अभिमूखीकरण गर्ने र नियमित मर्मत गर्न गराउन पुनः अभिप्रेरित गर्नुपर्नेछ ।

ञ) नियमित मर्मत कार्य भएका पुलहरूको पनि वर्षमा दुई पटक निरीक्षण गरी कार्य ठिक

संग भए नभएको जाँच गर्ने र सुधार गर्न आवश्यक भए सम्बन्धित व्यक्तिहरूलाई सो बारे राय सल्लाह दिनु पर्नेछ ।

ट) नियमित मर्मत कार्य बारे प्रतिवेदन तयार गरी जि.वि.स. र दातृ संस्थामा पठाउनु पर्दछ र सो बारे छलफल गर्न जि.वि.स. बैठकका लागि पहल गर्नु पर्नेछ ।

ठ) प्रत्येक वर्ष कम्तिमा एक पटक नियमित मर्मत कार्य सम्बन्धी बैठक बसी चेतना अभिबृद्धि गर्न र संवेदनशील बनाउन जि.वि.स., गा.वि.स. र समुदाय (उ.स./पु.म.स/पु.नि.) लाई सहभागी गराई गोष्ठीको आयोजना गर्न जि.वि.स.लाई परिचालन गर्नु पर्नेछ । सो गोष्ठीमा नियमित मर्मत कार्यको लेखाजोखा गर्ने, समस्याहरू बारे छलफल गर्ने र तत्पश्चात कार्य सूचारू रूपले गर्न गराउन प्रारूप तयार गर्ने गराउने काम गर्नु पर्नेछ ।

ड) झो.पु. कार्यक्रमको लागि प्राप्त गरिएको अनुदान बजेटबाट जि.वि.स.ले नियमित मर्मतको लागि आवश्यक रकम विनियोजन गर्नेछ । गा.वि.स.बाट समेत नियमित मर्मतको लागि बजेट विनियोजना सुनिश्चित गरी समुदायलाई उपलब्ध गराउने दिशामा प्रयास गरी नियमित मर्मत कार्यान्वयन गराउनु पर्नेछ ।

**५.२.७ झोलुङ्गे पुल सम्बन्धी बार्षिक प्रतिवेदन**

जि.वि.स.ले प्रत्येक वर्ष झो.पु. सम्वन्धी बार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछ । झो.पु. रणनीति, २०६२ मा प्रतिवेदनको ढाँचा दिइएको छ । गै.स.सं.ले जि.वि.स.लाई सो प्रतिवेदन तयार गर्न आवश्यक सहयोग प्रदान गर्नुपर्नेछ । सो प्रतिवेदनको एक-एक प्रति डोलिडार तथा दातृ संस्थालाई पठाउने व्यवस्था गर्नेछ ।

**५.२.८ अगुवा पुलकर्मी**

जिल्लामा पुलकर्मीका रूपमा काम गरी सकेका मध्येबाट सबभन्दा बढी दक्ष एवं कार्यमा सिपालु एक पुलकर्मीलाई अगुवा पुलकर्मीको रूपमा पहिचान गर्नुपर्नेछ । अगुवा पुंलकर्मीको रूपमा पहिचान गरिएको व्यक्तिबारे समुदायलाई जानकारी गराउने तथा सिफारिस गर्ने कार्य गै.स.सं.को हुनेछ । अगुवा पुलकर्मीले आवश्यक भएमा निर्माणस्थलमा गई कार्यरत पुलकर्मीलाई सल्लाह दिने वा स्वंयमले निर्माण कार्यमा संलग्न भई उनीहरुको दक्षता बढाउन अभिप्रेरित गर्नेछ । अगुवा पुलकर्मीको सेवा लिने र सेवा शुल्क दिने निर्णय सम्बन्धित उ.स.ले गर्नेछ ।

**५.२.९ पुलकर्मी**

नमूना झो.पु. तालिम प्राप्त गरी सकेका पुलकर्मी सम्बन्धी आवश्यक जानकारी संकलन गर्ने अभिभारा पनि गै.स.सं.को हुनेछ । तालिम प्राप्त पुलकर्मीहरु कहाँ छन्, के कार्य गरी रहेका छन्, सिकेका सीप उपयोग कतिले कुन ढंगले गरीरहेका छन्, सिकेका सीपले उनीहरुको आय-आर्जनमा बृद्धि भएको छ छैन, भएको छ भने कति भएकोछ जस्ता सूचना तथा जानकारीहरु संकलन गर्ने तथा सो सूचना तथा जानकारीहरूलाई जातिगत तथा लिङ्गको आधारमा विभाजित गरि बुझाउनुपर्नेछ ।

**५.२.१० नमूना झो.पु. तालिम**

गै.स.सं.ले जिल्लामा पुल कार्यक्रम कार्यान्वयन गराउनका लागि समुदायबाट मनोनित २ जना दक्ष

गराउन गै.स.स.ले के कस्तो पहल गर्‍यो र प्रभावकारी ढंगले नियमित मर्मत गराउन के गर्नु पर्ने हो आदि खुलाउनु पर्नेछ ।

**५.२.६ नियमित मर्मत** (Routine Maintenance)
झो.पु.हरूको आयु (Design Life) प्रायः ५० वर्ष सम्म हुन्छ । झो.पु.को सेवा ५० वर्ष सम्म प्राप्त गर्नको लागि त्यसको नियमित मर्मत सम्भार गर्नु अत्यावश्यक हुन्छ । समय-समयमा बृहत मर्मत गर्नु पर्ने अवस्था समेत आउन सक्छ । नियमित मर्मत र बृहत्मर्मत भित्र के-के कार्यहरू पर्दछन् सोको लागि "झोलुङ्गे पुलहरूको नियमित मर्मत कार्य सम्बन्धी पुस्तिका" हेर्न आवश्यक हुन्छ । उक्त पुस्तिकामा नियमित मर्मत कार्य कसरी गर्न सकिन्छ विस्तारमा उल्लेख गरिएको छ । हाल सम्मको अनुभवबाट नियमित मर्मत सन्तोषप्रद ढंगले नभई रहेको बुझिन्छ । तर नियमित मर्मत एक महत्वपूर्ण कार्य भएकोले यस प्रति संवेदनशील भई सो कार्य गर्न गराउन अत्यावश्क छ ।

यसको प्रक्रिया निम्नानुसार हुनेछ ।

क) नियमित मर्मत कार्य गर्न किन आवश्यक छ भन्ने विषयमा सर्वप्रथम समुदायको स्तरमा उपभोक्ता समिति/पुल मर्मत समिति/पुल निरीक्षकलाई संवेदनशील गराई चेतना अभिबृद्धि गराउनेछ ।

ख) नियमित मर्मत पुस्तिका अनुसार पुल मर्मतसंभार समिति/उपभोक्ता समिति/पुल निरीक्षकले के-काम गर्नु पर्दछ र कसरी गर्ने भन्ने सम्बन्धमा पुलमानै काम गर्न लगाएर देखाइने छ ।

ग) नियमित मर्मत गर्नको लागि चाहिने औजारहरू के-के हुन तथा सो औजारहरू छ छैन सुचिश्चित गर्नेछ ।

घ) सहयोगी संस्थाहरूबाट हस्तान्तरण गरिएका मर्मत औजारहरू कहाँ राखिएका छन् सोको खोज गर्न लगाई अभिलेख दुरूस्त राख्न लगाउनु पर्नेछ ।

ङ) नियमित मर्मत कार्य सम्पादन गर्न अन्य के-के सामानहरूको आवश्यकता हुन सक्दछ सो बारे समुदायलाई जानकारी गराइनेछ ।

च) नियमित मर्मत कार्य गर्नको लागि नपुग आवश्यक सामानहरू खरीद गर्न गा.वि.स.बाट रकम उपलब्ध गर्न गराउन आवश्यक व्यवस्था मिलाई सुनिश्चित गर्नेछ ।

छ) नियमित मर्मत कार्य गर्न गराउन सो सम्बन्धी पुस्तिका उपभोक्ता समिति/पुल मर्मत समिति/पुल निरीक्षकलाई उपलब्ध गराई दिनु पर्नेछ ।

ज) नियमित मर्मत कार्य कहिले गरियो के-के काम गरियो, कति खर्च लाग्यो र श्रोत कहाँबाट जुटाइयो आदि विवरण खुलाई सम्बन्धित उपभोक्ता समिति/पुल मर्मत समिति/पुल निरीक्षकबाट प्रत्येक तीन-तीन महिनामा पत्र प्रतिवेदन संकलन गर्नुपर्नेछ ।

झ) नियमित मर्मत कार्य नभएका पुलहरूमा गै.स.स.ले समुदायमा गई पुनः उपभोक्ता समिति/पुल मर्मतसंभार समिति पुल निरीक्षकलाई नियमित मर्मत सम्बन्धी अभिमूखीकरण गर्ने र नियमित मर्मत गर्न गराउन पुनः अभिप्रेरित गर्नुपर्नेछ ।

ञ) नियमित मर्मत कार्य भएका पुलहरूको पनि वर्षमा दुई पटक निरीक्षण गरी कार्य ठिक

सग भए नभएको जाँच गर्ने र सुधार गर्न आवश्यक भए सम्बन्धित व्यक्तिहरूलाई सो बारे राय सल्लाह दिनु पर्नेछ ।

ट) नियमित मर्मत कार्य बारे प्रतिवेदन तयार गरी जि.वि.स. र दातृ संस्थामा पठाउनु पर्दछ र सो बारे छलफल गर्न जि.वि.स. बैठकका लागि पहल गर्नु पर्नेछ ।

ठ) प्रत्येक वर्ष कम्तिमा एक पटक नियमित मर्मत कार्य सम्बन्धी बैठक बसी चेतना अभिबृद्धि गर्न र संवेदनशील बनाउन जि.वि.स., गा.वि.स. र समुदाय (उ.स./पु.म.स/पु.नि.) लाई सहभागी गराई गोष्ठीको आयोजना गर्न जि.वि.स.लाई परिचालन गर्नु पर्नेछ । सो गोष्ठीमा नियमित मर्मत कार्यको लेखाजोखा गर्ने, समस्याहरू बारे छलफल गर्ने र तत्पश्चात कार्य सूचारू रूपले गर्न गराउन प्रारूप तयार गर्ने गराउने काम गर्नु पर्नेछ ।

ड) झो.पु. कार्यक्रमको लागि प्राप्त गरिएको अनुदान बजेटबाट जि.वि.स.ले नियमित मर्मतको लागि आवश्यक रकम विनियोजन गर्नेछ । गा.वि.स.बाट समेत नियमित मर्मतको लागि बजेट विनियोजना सुनिश्चित गरी समुदायलाई उपलब्ध गराउने दिशामा प्रयास गरी नियमित मर्मत कार्यान्वयन गराउनु पर्नेछ ।

### ५.२.७ झोलुङ्गे पुल सम्बन्धी बार्षिक प्रतिवेदन

जि.वि.स.ले प्रत्येक वर्ष झो.पु. सम्बन्धी बार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछ । झो.पु. रणनीति, २०६२ मा प्रतिवेदनको ढाँचा दिइएको छ । गै.स.सं.ले जि.वि.स.लाई सो प्रतिवेदन तयार गर्न आवश्यक सहयोग प्रदान गर्नुपर्नेछ । सो प्रतिवेदनको एक-एक प्रति डोलिडार तथा दातृ संस्थालाई पठाउने व्यवस्था गर्नेछ ।

### ५.२.८ अगुवा पुलकर्मी

जिल्लामा पुलकर्मीका रूपमा काम गरी सकेका मध्येबाट सबभन्दा बढी दक्ष एवं कार्यमा सिपालु एक पुलकर्मीलाई अगुवा पुलकर्मीको रूपमा पहिचान गर्नुपर्नेछ । अगुवा पुंलकर्मीको रूपमा पहिचान गरिएको व्यक्तिबारे समुदायलाई जानकारी गराउने तथा सिफारिस गर्ने कार्य गै.स.सं.को हुनेछ । अगुवा पुलकर्मीले आवश्यक भएमा निर्माणस्थलमा गई कार्यरत पुलकर्मीलाई सल्लाह दिने वा स्वंयमले निर्माण कार्यमा संलग्न भई उनीहरुको दक्षता बढाउन अभिप्रेरित गर्नेछ । अगुवा पुलकर्मीको सेवा लिने र सेवा शुल्क दिने निर्णय सम्बन्धित उ.स.ले गर्नेछ ।

### ५.२.९ पुलकर्मी

नमूना झो.पु. तालिम प्राप्त गरी सकेका पुलकर्मी सम्बन्धी आवश्यक जानकारी संकलन गर्ने अभिभारा पनि गै.स.सं.को हुनेछ । तालिम प्राप्त पुलकर्मीहरु कहाँ छन्, के कार्य गरी रहेका छन्, सिकेका सीप उपयोग कतिले कुन ढंगले गरीरहेका छन्, सिकेका सीपले उनीहरुको आय-आर्जनमा बृद्धि भएको छ छैन, भएको छ भने कति भएकोछ जस्ता सूचना तथा जानकारीहरु सकलन गर्ने तथा सो सूचना तथा जानकारीहरूलाई जातिगत तथा लिङ्गको आधारमा विभाजित गरि बुझाउनुपर्नेछ ।

### ५.२.१० नमूना झो.पु. तालिम

गै.स.सं.ले जिल्लामा पुल कार्यक्रम कार्यान्वयन गराउनका लागि समुदायबाट मनोनित २ जना दक्ष

कामदार, १ जना उ.स.का प्रतिनिधि तथा पुल निर्माणबाट विस्थापित डुंगा चलाउने व्यक्तिहरूलाई नमूना झो.पु. सम्बन्धी तालिम प्रदान गर्नेछ। यसका लागि गै.स.सं.ले निम्न कामहरू गर्नेछ।

क) तालिममा कुन कुन समुदायबाट कति जना सहभागी हुने हो सो सुनिश्चित गर्नेछ।

ख) नमूना झो.पु. तालिम कहाँ गर्ने र कहिले गर्ने सो कार्यक्रम तयार गरी दातृ संस्थामा पठाउनेछ।

ग) नमूना झो.पु. तालिमको लागि लाग्ने अनुमानित खर्चको लगत ईष्टिमेट (ल.ई.) तयार गरी दातृ संस्थामा पठाउनेछ।

घ) नमूना झो.पु. तालिमको कार्यक्रम, सहभागीहरूको सूची र ल.ई. स्वीकृत भएपछि सो कार्यान्वयन गर्नेछ।

ङ) तालिम संचालनको लागि स्रोत व्यक्तिको व्यवस्था गर्नेछ।

च) नमूना झो.पु. तालिमको लागि आवश्यक सामग्री एवं स्वीकृत ल.ई. अनुसारको रकम दातृ संस्थाले व्यहोर्ने छ।

छ) तालिमको लागि तयार गरिएको दिग्दर्शन प्रयोग गर्ने।

ज) तालिमको प्रतिवेदन गै.स.सं.ले तयार गरि सम्बन्धित निकायहरूलाई उपलब्ध गराउनुपर्नेछ।

झ) नमूना झो.पु. तालिम प्राप्त पुलकर्मीहरूलाई सीप परीक्षणको परीक्षा दिलाउन आवश्यक सहयोग गर्नेछ।

### ५.२.११ अन्य

दातृ संस्थाले गै.स.सं.लाई झो.पु. सम्बन्धी अन्य कामहरू पनि सुम्पिन सक्नेछ।

## ६. सम्झौता

६.१ नियमित कार्यहरू गर्न गराउनको लागि जि.वि.स. तथा गै.स.स. बीच कार्य प्रत्यायोजन सम्झौता गर्नुपर्ने हुन्छ। सम्झौताका नमूनाहरू झोलुङ्गे पुल कार्यक्रम संचालन दिग्दर्शन २०६३ हेर्नुहोला। आपसी सहमतिको आधारमा सम्झौताको नविकरण गरी म्याद थप गर्न सकिनेछ। सम्झौता स्थापित भइसकेपछि जि.वि.स.ले अनुसूची-५ को ढांचा अनुसारको कार्य प्रत्यायोजन गर्नेछ।

६.२ थप कार्यहरू गर्न गराउनको लागि जि.वि.स./दातृ वा सहयोगी संस्था र गै.स.स. बीच पूरक सम्झौता गर्नुपर्ने हुन्छ। पूरक सम्झौताको नमूना झोलुङ्गे पुल कार्यक्रम संचालन दिग्दर्शन २०६३ दिइएको छ। माथि उल्लेख भएका सबै थप कार्यहरू प्रत्येक वर्ष गराउन आवश्यक हुँदैन। अत: गै.स.सं.लाई थप कार्यहरू मध्येका जुन जुन कार्यहरू गराउनु पर्ने आवश्यक हुन्छ त्यहि अनुसारको सेवा शुल्क खुलाइ सहमति कायम गरिनेछ। सामान्य अवस्थामा नियमित कार्य गरिरहेका गै.स.सं.बाट नै यस किसिमका थप कार्यहरू गराउनु पर्दछ। एउटै आ.व. मा पनि आवश्यकता अनुसार कामहरू पटक-पटक दिन सकिनेछ र त्यस्तो अवस्थामा अलग अलग कार्यहरूको लागि सम्झौता पनि अलग अलग नै गर्नुपर्नेछ।

## ७. कार्य प्रत्यायोजन

गै.स.सं.ले भो.पु. कार्यक्रमको लागि गर्नुपर्ने नियमित कार्यहरूको लागि जि.वि.स. तथा गै.स.सं. बीच सामान्यत: तीन देखि पाँच वर्षसम्मको सम्झौता हुन्छ। सम्झौताको अवधि भित्र गै.स.सं.ले निर्माण/मर्मत कार्यको लागि सहयोग गर्नेछ। जि.वि.स.ले गै.स.सं.लाई निर्माण/बृहत मर्मत कार्यको लागि समुदायलाई सहयोग गर्नको लागि अनुसूची-५ मा दिइएको ढाँचामा निर्माण तथा मर्मत गरिने झो.पु.हरूको नाम, अनुमानित लम्बाई र पारिश्रमिक (सेवा शुल्क) आदि खुलाई कार्य प्रत्यायोजन गर्नु पर्दछ।

## ८. सेवा शुल्क तथा भुक्तानी

गै.स.सं.ले झो.पु. निर्माण/मर्मतको लागि उ.स.लाई प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गर्दछ। प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग सम्बन्धी कार्यहरू पूर्णरूपले अन्योन्याश्रित भएकोले यी दुबै कार्यहरुलाई अलग गर्न एकदम अव्यवहारिक हुन्छ। यसअर्थमा दुबै कार्यहरू एउटै गै.स.सं.लाई दिनुपर्ने हुन्छ।

गै.स.सं.ले प्राविधिक एवं सामाजिक संगठनात्मक सहयोग प्रदान गरे वापत सेवा शुल्क/पारिश्रमिक प्राप्त गर्नेछ। सेवा शुल्क/पारिश्रमिक कार्यप्रत्यायोजन सम्झौतामा उल्लेख भएअनुसार हुनेछ।

सेवा शुल्कको भुक्तानी कार्य प्रगतिको आधारमा कार्यप्रत्यायोजन सम्झौतामा उल्लेख भएअनुसार हुनेछ।

## ९. क्षमता विकास

स्थानीय निकायहरूको प्राविधिक एवं संगठनात्मक क्षमता अभिबृद्धि गर्न झो.पु. सम्बन्धी तालिम संचालन गर्ने दायित्व स्था.पू.वि.तथा कृ.स.विभागको हो। स्था.पू.वि.तथा कृ.स.वि./झो.पु. शाखाको समन्वयमा शिक्षण संस्थाहरू मार्फत यस्ता कार्यक्रमहरू संचालन हुने गरेकाछन्। झो.पु.सम्बन्धी तालिम आवश्यकता अनुसार झो.पु. कार्यक्रममा संलग्न गै.स.सं.का प्राविधिक कर्मचारीहरूलाई समेत उपलब्ध गराउन सकिनेछ। प्रत्येक जिल्लाबाट कम्तिमा पनि एक गै.स.सं.लाई तालिममा सहभागी गराउन सकिनेछ। प्रत्येक गै.स.सं.ले बढीमा दुई जनालाई झो.पु. तालिममा सहभागी गराउन सक्नेछन्। स्था.पू.वि.तथा कृ.स.वि/झो.पु. शाखाले गै.स.सं.लाई व्यवस्थापन वा आवश्यकता अनुसार अन्य तालिम, अभिमूखिकरणको प्रबन्ध पनि मिलाउन सक्नेछ।

## १०. कार्यसम्पादन मूल्याङ्कन

गै.स.सं.को कार्यसम्पादन मूल्याङ्कन वार्षिक रूपमा गरिनेछ। यसै मूल्याङ्कनको आधारमा गै.स.सं.संगको सम्झौता नविकरण वा खारेजी हुनसक्नेछ। वार्षिक रूपमा गरिने कार्य सम्पादन मूल्याङ्कन न्यूनतम तीन सदस्य भएको एक समितिले गर्नेछ। समितिको गठन जि.वि.स.ले गर्नेछ। कार्यसम्पादन मूल्याङ्कनका क्रममा सम्वन्धित गै.स.स.का एक प्रतिनिधिलाई पनि आमन्त्रित गरिनेछ। यो समितिमा झो.पु.शाखा/डोलिडार वा दातृसस्थाको प्रतिनिधिलाई पनि सदस्यको रूपमा राख्न सकिनेछ।

कार्य सम्पादन मूल्याङ्कन देहायका शिर्षकहरुमा केन्द्रित रहि गर्नसकिनेछ ।

